कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

● मकवानपुर, वर्ष-१७, अंक-५० ● २०८२ असार १६ गते सोमबार, ● 30 June, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

थाहामा चट्याङबाट हुने विपद् न्यूनीकरण सम्बन्धी कार्यशाला । पृष्ठ ५ मा



## थाहाको बज्रवाराही स्वास्थ्य चौकी जिल्लामै सर्वोत्कृष्ट



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका-६ को बज्रवाराही स्वास्थ्य चौकी तेस्रो पटक जिल्लाकै सर्वोत्कृष्ट स्वास्थ्य चौकी घोषणा भएको छ ।

न्यूनतम सेवा मापदण्ड (एमएसएस) मा ९९ प्रतिशत अंक हासिल गर्दै बज्रवाराही स्वास्थ्य चौकी जिल्लाकै सर्वोत्कृष्ट स्वास्थ्य चौकी घोषणा भएको हो । यसै गरी हेटौंडा १५ मा रहेको चुरियामाई स्वास्थ्य चौकी, बागमती गाउँपालिका-६ मा रहेको बेतिनी स्वास्थ्य चौकी फापरबारी, बकैया गाउँपालिका-९ मा रहेको शिखरपुर स्वास्थ्य चौकी र मकवानपुरगढी गाउँपालिका-५ मा रहेको आमभन्ज्याङ स्वास्थ्य चौकी उत्कृष्ट हुन सफल भएका छन् । भीमफेदी गाउँपालिका-२, भैंसे स्वास्थ्य चौकी, इन्द्रसरोवर गाउँपालिका(३ मा रहेको सिस्नेरी स्वास्थ्य चौकी, कैलाश गाउँपालिका-५ मा रहेको गोगने स्वास्थ्य चौकी, राक्सिराङ गाउँपालिका-२ मा रहेको सरिखेत स्वास्थ्य चौकी र मनहरी गाउँपालिका-३, हाँडीखोला स्वास्थ्य चौकी उत्कृष्ट हुन सफल भएका छन् ।

थाहा नगरपालिका प्रमुख विष्णुबहादुर विष्ट, स्वास्थ्य निर्देशक डा. नरेन्द्र कुमार भगा, जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजार, जनस्वास्थ्य कार्यालय मकवानपुर कार्यक्रम संयोजक शिखा भुजेलले स्वास्थ्य चौकीस्तरीय न्यूनतम सेवा मापदण्ड पूरा गर्ने सर्वोत्कृष्ट र उत्कृष्ट स्वास्थ्य चौकीलाई प्रशंसापत्र वितरण गरिन् ।

### एसईईमा थाहानगरमा ४४.२९ प्रतिशत उतीर्ण

## पालुङ मोडर्नको शतप्रतिशत, सुन्दरीदेवी 'शुन्य रिजल्ट'

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा ४४.२९ विद्यार्थी ग्रेडेड (उतीर्ण) भएका छन् । यो नतिजा राष्ट्रिय आँकडाभन्दा निकै कम हो । एसईईको राष्ट्रिय नतिजा ६१.११ प्रतिशत रहेको छ भने बागमती प्रदेशको ग्रेडेड विद्यार्थी प्रतिशत ८२.४७ प्रतिशत रहेको छ । यसको तुलनामा थाहा नगरपालिकाको शैक्षिक विकासको सूचक ज्यादै कमजोर देखिएको छ ।

थाहा नगरपालिकाका विभिन्न थाहामा ६ संस्थागतसहित १७ विद्यालयबाट एसइई परीक्षा, २०८१ मा ४ सय ९५ विद्यार्थी सहभागी भएकोमा २ सय १७ जना ग्रेडेड (उतीर्ण) भएका हुन् । प्रकाशित नतिजा अनुसार पालुङ मोडर्न इङ्लिस बोर्डिङ स्कूल थाहा-१ ले मात्र शतप्रतिशत विद्यार्थी उतीर्ण गराएको छ । त्यसोतः सुन्दरीदेवी मावि डाँडाबासले प्राविधिकधारतर्फ ५.८८ प्रतिशत मात्र उतीर्ण गराए पनि सोही विद्यालयको (साधारणतर्फ) बाट एकजना पनि उतीर्ण गराउन सकेन अर्थात शुन्य 'रिजल्ट' आएको छ ।

नतिजा अनुसार पालुङ भ्याली हार्ट एकेडेमीबाट ८५ प्रतिशत, इअन इङ्लिस बोर्डिङ स्कूलबाट ७५ प्रतिशत, हिमालयन इङ्लिस बोर्डिङ स्कूलबाट ७३.८१ प्रतिशत, पालुङ आवासिय सेकेण्डरी विद्यालय पालुङबाट ७१.४३ प्रतिशत

माध्यमिक शिक्षा परीक्षा २०८१ विद्यालयगत उत्तीर्ण प्रतिशत (थाहा नगरपालिका, मकवानपुर)

| SN | Name of school and address | TYPE | Total | Graded | Graded % | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Palung Modern English M.S.,Thaha-1 | PRIVATE | 4 | 4 | 100.00 | |
| 2 | Palung Valley Heart Academy, Thaha-3 | PRIVATE | 20 | 17 | 85.00 | |
| 3 | Aeon E.B., Thaha-6 | PRIVATE | 20 | 15 | 75.00 | |
| 4 | Himalayan English S.S., Thaha-4 | PRIVATE | 42 | 31 | 73.81 | |
| 5 | Palung E.Aawasiya S.S.,Thaha-2 | PRIVATE | 14 | 10 | 71.43 | |
| 6 | Sarashwati Bidhya Mandir, Thaha-6 | PRIVATE | 30 | 21 | 70.00 | |
| 7 | Bajrabarahi S.S,Thaha-6 | PUBLIC | 23 | 15 | 65.22 | |
| 8 | Jhamkeshwori S.S.,Thaha-1 | PUBLIC | 27 | 15 | 55.56 | |
| 9 | Matsyanarayan S.S.,Thaha-2 | PUBLIC | 32 | 14 | 43.75 | |
| 10 | Sunaula S.S., Thaha-1 | PUBLIC | 21 | 9 | 42.86 | |
| 11 | Swachhandbhairav S.S., Thaha-9 | PUBLIC | 26 | 10 | 38.46 | |
| 12 | Janakalyan S.S.,Thaha-4 | PUBLIC | 16 | 6 | 37.50 | Technical |
| 13 | Indrayani S.S.,Thaha-8 | PUBLIC | 26 | 9 | 34.62 | |
| 14 | Nateshwar S.S.,Thaha-10 | PUBLIC | 26 | 9 | 34.62 | |
| | Janakalyan S.S.,Thaha-3 | PUBLIC | 41 | 13 | 31.71 | General |
| 15 | Saraswoti S.S.,Thaha-7 | PUBLIC | 26 | 7 | 26.92 | |
| 16 | Bageshwari S.S., Thaha-11 | PUBLIC | 69 | 15 | 21.74 | |
| 17 | Sundaridevi S.S.,Thaha-8 | PUBLIC | 17 | 1 | 5.88 | Technical |
| | Sundaridevi S.S.,Thaha-7 | PUBLIC | 19 | 0 | 0.00 | General |
| | Total | | 495 | 217 | 44.29 | |

*तथ्याङ्क स्रोतः थाहा नगरपालिका, शिक्षा शाखा*

तथा सरस्वती विद्यामन्दिरबाट ७० प्रतिशत विद्यार्थी उतीर्ण भएका छन् ।

सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढि बज्रवाराही माविबाट ६५.२२ प्रतिशत विद्यार्थी उतीर्ण भएका छन् । दोस्रोमा झम्केश्वरी माविले ५५.५६ प्रतिशत विद्यार्थी उतीर्ण भएका छन् । मत्स्यनारायण माविबाट ४३.७५ प्रतिशत, सुनौला माविबाट ४२.८६ प्रतिशत, स्वच्वच्छन्द भैरब मावि चित्लाङबाट ३८.४६ प्रतिशत, जनकल्याण मावि (प्राविधिकतर्फ) ३७.५० तथा साधारतर्फ ३१.७१ प्रतिशत, इन्द्रायणी मावि मोरियाका ३४.६२ प्रतिशत र नाटेश्वर मावि टौखेलबाट ३४.६२ प्रतिशत विद्यार्थी उतीर्ण भएका छन् ।

त्यसैगरी सरस्वती मावि देउखेलबाट २६.९२, प्रतिशत र बागेश्वरी मावि थाहा-११ बाट २१.७४ प्रतिशत विद्यार्थी एसईई परीक्षा, २०८१ मा उतीर्ण भएका छन् ।

**विकास खबरपत्रिका साप्ताहिक**
**खोजी-खोजी पढौं**
समाचार र विज्ञापनका लागिः ९८०७१५३३००

### उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा

**सञ्चार सीप तथा कम्प्युटर सम्बन्धी काम सबै काम एकै ठाउँमा**



**पालिका प्रेस**
इन्द्रसरोवर-१ मकवानपुर
सम्पर्कः ९८५५०३७५६१
palikapress.com@gmail.com

**हाम्रा सेवाहरू :**
- समाचार लेखन तथा सम्पादन
- समाचार पत्र सेटिङ
- फोटो, भिडियो तथा अडियो पत्रकारिता
- अनलाइन पत्रकारिता
- कम्प्युटर सम्बन्धी आधारभूत सीप

## • सम्पादकीय •

### अब स्थानीय सरकार उत्पादन बृद्धिमा लाग्नुपर्छ

नेपालका सबै स्थानीय तहहरुमा नगर तथा गाउँसभाको चटारोमा छन् । वर्तमान संविधान जारी हुनुअघि यस्तो व्यवस्था थिएन किनकि एकात्मक शासन व्यवस्थाले स्थानीय निकायहरुलाई केन्द्रीय सरकारकै अंगको रुपमा राखेको थियो । तर नयाँ संविधानको महत्वपूर्ण अंग मानिएको संघीयता कार्यान्वयनमा आएसँगै केन्द्र (अब संघ) मा जस्तै प्रदेश र स्थानीय तहमा पनि व्यवस्थापिका र कार्यपालिकाको व्यवस्था गरिएपछि स्थानीय तहले व्यवस्थापिका (संसद) को रुपमा नगरसभा र गाउँसभाको अभ्यास गर्न थालेका हुन् । यी संरचनाहरू स्थानीय तहका विधायिका हुन्, जसबाट स्थानीय सरकार सञ्चालनका लागि आवश्यक पर्ने कानुन, नीति र बजेट विनियोजन लगायतका काम गरिन्छ । नगर तथा गाउँससभाले नगर तथा गाउँ कार्यपालिकालाई नागरिकप्रति उत्तरदायी बनाउँदै आवश्यक कानुन निर्माण र निर्देशन दिने भएकाले नागरिकको आवश्यकता पूर्ति गर्नका लागि यी संरचना महत्वपूर्ण मानिन्छ । गाउँ तथा नगरसभाहरुले कृषि, पर्यटन, वातावरण संरक्षणलगायतका विभिन्न क्षेत्रमा नीति तथा कार्यक्रम निर्माण गर्नसक्छन् । अहिले सबै स्थानीय तहहरुको ध्यान जानुपर्ने विषय भनेकै कृषि उत्पादनको वृद्धि हो । हामीले नेपाललाई कृषिप्रधान मुलुक भन्न छाडेका छैनौं तर जनसंख्याको ठूलो हिस्सा कृषिबाट टाढिदै छ । आजको नेपाली समाजको अवस्था हेर्ने हो भने ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा संसारका विभिन्न मुलुकमा पुगेका छन् भने उर्वर भूमि बञ्जरमा परिणत हुँदै गएका छन् । वर्षेनि खेतीयोग्य जमिनको क्षेत्रफल घटिरहेको छ, यसमा अव्यवस्थित वस्ती विकासका अन्य कारण पनि होलान् तर मूल कारण भनेको धेरै मानिसहरु कृषिबाट टाढिदै जानु हो ।

यो ठूलो चुनौतीको विषय हो । यसले एकातिर राष्ट्रिय अर्थतन्त्रमा क्षति पुगिरहेको छ भने अर्कोतिर देशभित्रै भविष्य खोज्ने प्रयासहरु कमजोर हुँदै जाने छन् । अहिले वैदेशिक रोजगारीमा जाने ठूलो हिस्सा सेवा क्षेत्रमा संलग्न छ । सूचना प्रविधिमा आएको चामत्कारिक परिवर्तनले गर्दा सेवा क्षेत्रमा क्रमशः मानव जनशक्तिको ठाउँ रोबोट, एआई जस्ता प्रविधिले ओगटिरहेका छन् । निकट भविष्यमै संसारभरि मानव जनशक्तिलाई प्रविधिले विस्थापित गर्ने निश्चित छ । त्यस्तो अवस्थामा वैदेशिक रोजगारीका सबै सम्भावनाहरु बन्द हुनेछन् । त्यसो भयो भने अहिले विप्रेषणबाट धानिएका नेपालजस्ता मुलुकहरुको अवस्था के होला ? यो कुनै कल्पना होइन, निकट भविष्यमा आउँदै गरेको संकटको आँकलन हो । त्यसैले जतिसक्दो चाँडो हामीले कृषि उत्पादन बृद्धिका कार्यक्रममार्फत् राष्ट्रिय अर्थतन्त्रको विकासमा लाग्नैपर्छ । त्यसको नेतृत्व स्थानीय तहहरुले गर्नुपर्छ ।

स्थानीय तहले जैविक खेतीलाई प्रोत्साहन गर्दै रासायनिक मल र विषादीको सट्टा प्राकृतिक मलको प्रयोगलाई प्रोत्साहित गर्न सक्छन् । स्थानीय तहले कृषि उत्पादन वृद्धिमा नीतिगत, प्राविधिक, वित्तीय र भौतिक सहायता पुर्‍याई कृषिमा आधारित अर्थतन्त्रलाई सबल बनाउन र कृषिजन्य उत्पादनमा आधारित औद्योगिकरण योजना बनाउनसक्छन् । अब स्थानीय तहहरुले संघ र प्रदेशको सिको गर्दै भौतिक पूर्वाधारमा प्रतिस्पर्धा गर्नुभन्दा उत्पादन वृद्धिमार्फत् रोजगारी र स्वरोजगारीका अभियान चलाउन प्रतिस्पर्धा गर्नुपर्छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# युवालाई कृषिमा फर्काउने कि तर्काउने ?



◆ रत्न प्रजापति

'कृषिमा आधुनिकीकरणः अर्थतन्त्रमा रूपान्तरण', यो आर्थिक वर्ष २०८२-८३ को बजेट वक्तव्यमा उल्लिखित एउटा नारा हो । यो नाराले कृषिमा आधुनिकीकरण गर्दै देशको वर्तमान अर्थतन्त्रलाई रूपान्तरण गर्ने उद्देश्य रहेको इङ्गित गर्छ । यही नारालाई सार्थक र उपलब्धिमूलक बनाउन बजेट वक्तव्यमा कृषि क्षेत्रको व्यवसायीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने, स्थानीय स्तरमा उत्पादित स्वस्थ र पोषणयुक्त खाद्यवस्तुको उपभोग प्रवर्द्धन गरिने उल्लेख गरिएको छ । यसैगरी भूमि, कृषि सामग्री, बीमा, खरिद सम्झौता र बजारको सुदृढ इकोसिस्टम विकास गरी युवालाई कृषिमा आकर्षित गरिनेछ भनेर पनि बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

राज्यले नीति, कार्यक्रम तथा योजनामा कृषिको विकास गर्ने र कृषिमा युवालाई आकर्षित गर्ने भनेर जेजस्ता नीति र रणनीति अख्तियार गरे पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसले एकातिर राज्य आफ्नो प्रतिबद्धता कार्यान्वयनमा चुकेको छ भने अर्कातिर कृषिमा अवसर खोज्न लालायित युवा निराश हुन बाध्य छन् । युवाले राज्यबाट नीति, कार्यक्रम र योजना कार्यान्वयन तहमा कृषिमा आकर्षित हुने प्रोत्साहन पाउनै सकेका छैनन् । बरू राज्यकै उपेक्षाले गर्दा जो कृषिमा आबद्ध छन् ती पनि कृषि छोडेर विदेश पलायन हुने अवस्थामा पुगेका छन् । यसको एउटा पछिल्लो उदाहरण बनेका छन्, धनकुटाको छथर जोरपाटी गाउँपालिका-१, हात्तीखर्कका सञ्जीव कटुवाल ।

असार २३ गतेको एक राष्ट्रिय दैनिकमा प्रकाशित समाचारअनुसार सञ्जीवले चार वर्षअघि उन्नत जातका आठवटा गाई पालेका थिए । छरछिमेकका आफ्ना साथीभाइ रोजगारीका लागि विदेश गइरहँदा पनि उनले भने आफ्नै गाउँठाउँमा बसेर काम गर्ने मनसायले गाईपालन गरेका थिए । गाईपालन गरेर सानै स्तरमा भए पनि व्यावसायिक रूपमा दूध उत्पादन गर्न थालेका थिए । केही वर्षसम्म उनको गाईपालन र दूध उत्पादन व्यवसाय राम्रैसँग चल्यो । दैनिक १ सय ५० लिटर सम्म दूध बेचे । तर, बिस्तारै उनलाई आफ्नो व्यवसाय निल्नु न ओकल्नु हुन थाल्यो । यसको एउटै मात्र कारण थियो, उनले बिक्री गरेको दूधको भुक्तानी समयमा नपाउनु ।

उनले ठूलो जोखिम उठाएर गाईपालन व्यवसायमा लगानी गरेका थिए । लगानी उठाउन, लिएको ऋण तिर्न र घरपरिवारको खर्च चलाउन उनलाई आफूले बिक्री गरेको दूधको भुक्तानी समयमै पाउनु आवश्यक थियो । तर, उनले दुग्ध विकास संस्थानलाई बिक्री गरेको दूधको भुक्तानी लामो समयसम्म नपाउँदा उनी आफ्नो पेसा-व्यवसायबाट नै विस्थापित हुनुपर्ने अवस्थामा पुगे । आफ्नो पेसा-व्यवसायलाई निरन्तरता दिने कि नदिने भन्ने दुविधामा पर्दापर्दै उनले अरूले जस्तै बिदेसिने मनस्थिति बनाएका छन् । सञ्जीवजस्तै अरू धेरैले विदेशबाट फर्केर गाईपालन गरे । सञ्जीवकै जस्तो समस्या भोग्नुपरेपछि ती पनि व्यवसाय नै छोडेर पुनः बिदेसिए । अरू धेरै किसान पनि दूधको भुक्तानी समयमा नपाउँदा बैंकको ऋण तिर्न नसकेर पेसाबाट मात्रै विस्थापित हुन लागेका छैनन्, गाउँबाटै उठिबास हुने अवस्थामा पुगेका छन् ।

दुग्ध विकास संस्थान, विराटनगरको तथ्याङ्क अनुसार गत जेठसम्ममा कोसी प्रदेशका करिब ६ हजार दूध किसानको कुल १८ करोड ५० लाख रूपैयाँभन्दा बढी रकम भुक्तानी हुन बाँकी छ । समयमा दूधको भुक्तानी नहुने प्रवृत्तिले किसान विस्थापित हुँदा दूधको उत्पादनसमेत घटेको तथ्याङ्क छ । आर्थिक वर्ष २०८०-८१ मा धनकुटा जिल्लामा १७ हजार ३ सय १३ मेट्रिक टन दूध उत्पादन भएकोमा चालु आर्थिक वर्षमा १३ हजार मेट्रिक टन दूध पनि उत्पादन हुने अवस्था नरहेको जनाइएको छ ।

राष्ट्रिय स्तरमा दूधको कुल उत्पादन भने अघिल्लो आर्थिक वर्षभन्दा सामान्य वृद्धि भएको देखिन्छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९-८० मा कुल २६ लाख १३ हजार ८ सय ४३ मेट्रिक टन दूध उत्पादन भएकोमा आर्थिक वर्ष २०८०-८१ मा २६ लाख ८३ हजार ८ सय ७५ मेट्रिक टन दूध उत्पादन भएको छ, जसअनुसार दूध उत्पादनमा २.६८ प्रतिशतको झिनो अंकले वृद्धि भएको देखिन्छ ।

भन्सार विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०-८१ मा नेपालले करिब २ अर्ब २९ करोड २६ लाखको दुग्धजन्य पदार्थ आयात गरेको छ । यसैगरी चालु आर्थिक वर्ष २०८१-८२ को ११ महिनामा कुल १ अर्ब १९ करोड २७ लाखको दूध तथा दुग्धजन्य पदार्थ आयात भएको छ । सरकारले भने दूध तथा दुग्धजन्य पदार्थको आन्तरिक उत्पादन वृद्धि भएको र सोअनुसार आन्तरिक खपत नभएको तथा बाहिरी मुलुकमा पनि निर्यात हुन नसकेका कारण अत्यधिक मौज्दात रहन गएको भन्दै २०८० साल फागुन ३ गतेदेखि लागू हुने गरी नौ किसिमका दूध तथा दुग्धजन्य पदार्थ आयातमा पूर्ण रूपमा प्रतिबन्ध लगाएको थियो । दूध तथा दुग्धजन्य पदार्थको अत्यधिक मौज्दातका कारण उद्योग सञ्चालन गर्न कठिनाइ भएको तथा किसानलाई भुक्तानी गर्न गाह्रो भएकाले स्वदेशी उत्पादनको खपत बढाउने उद्देश्यले अन्य मुलुकबाट हुने दूध तथा दुग्धजन्य पदार्थ आयातमा प्रतिबन्ध लगाउने तत्कालीन कृषि मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरेको थियो ।

तर सरकारी प्रतिबन्धका बाबजुद पनि अर्बौं रूपैयाँबराबरका दूध तथा दुग्धजन्य वस्तु आयात हुनुले सरकारी निर्णय प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अथवा सो निर्णय कार्यान्वयनमा सरकार गम्भीर नरहेको देखिन्छ । हाल सो प्रतिबन्ध फुकुवा भएसरह छ । एकातिर विदेशबाट अर्बौं रूपैयाँको दूध तथा दुग्धजन्य पदार्थ आयात गर्ने, अर्कातिर स्वदेशी किसानलाई भुक्तानी पनि नदिने प्रवृत्तिले सरकार र निजी क्षेत्र दुवै स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्न इच्छुक नरहेको देखिन्छ । सरकारको आर्थिक नीति राजस्वमुखी भएको र दूध तथा दुग्धजन्य पदार्थ आयातबाट आयातकर प्राप्त भई सरकारको राजस्व संकलनको लक्ष्यमा टेवा पुर्‍याउने हुँदा आफैँले गरेको निर्णय कार्यान्वयनमा सरकार गम्भीर नभएको अनुमान गर्न सकिन्छ ।

किसानको समस्यामा राज्य नै निरपेक्ष बनिदिँदा किसानको पीडाको आयतन बढेको छ । किसानले आफ्नो गुनासो पोख्ने निकायसमेत सहज रूपमा नपाउने अवस्थाले गर्दा आफ्ना समस्या समाधानका लागि किसान आन्दोलित नै हुनुपर्ने र सडककै सहारा लिनुपर्ने अवस्थाको पुनरावृत्ति भइरहेको छ ।

दुग्ध किसानले दूध बिक्री गरेको र कम भुक्तानी पाऊँ भनेर आन्दोलन गर्नुपर्ने । उखु किसानले पनि उखु बिक्री गरेको रकम भुक्तानी पाऊँ भनेर आन्दोलन गर्नुपर्ने, धानखेतीका लागि मल पाऊँ भनेर पनि किसानले आन्दोलन नै गर्नुपर्ने, आफूले उत्पादन गरी देशभरका उपभोक्तालाई खुवाउँछौँ भन्ने किसानलाई सरकारले किन यसरी उपेक्षा गर्छ ?

दुग्ध किसानले दूध बिक्री नभएको वा बिक्री भए पनि त्यसको भुक्तानी नभएको भन्दै आन्दोलित भएर सडकमै दूध पोख्नुपर्ने, तरकारी किसानले तरकारी बिक्री भएन अथवा त्यसको उचित मूल्य पाइएन भनेर सडकमै तरकारी फ्याँक्नुपर्ने, अनि उखु किसानले चाहिँ उखुको भुक्तानी पाइएन भनेर मधेसदेखि काठमाडौँसम्म आएर आन्दोलन गर्नुपर्ने ! यस्तो विडम्बनापूर्ण स्थितिको अन्त्यमा सरकार किन गम्भीर बन्न नसकेको ?

दूध बिक्री गरेको रकम भुक्तानीका लागि किसानहरूले पटक-पटक आन्दोलन नै गर्दा पनि केवल आश्वासन मात्रै दिएर टार्ने, उखुको भुक्तानीका लागि आन्दोलित किसानलाई पनि उसैगरी आश्वासन मात्रै दिएर टार्ने र तरकारीको उचित मूल्यनिर्धारण गर्न र बिचौलियाको अन्त्य गर्न माग गर्ने तरकारी किसानको मागलाई पनि बेवास्ता गर्ने सरकारी प्रवृत्तिले किसानमा निराशा छाएको छ । कृषिप्रति चरम वितृष्णा बढेको छ । सबैले उपेक्षा गर्ने, कसैको रोजाइमा नपर्ने र उचित सम्मानसमेत नपाउने पेसा बनेको छ कृषि । यसैको परिणाम हो, कृषि पेसा छोडेर बिदेसिनेको संख्यामा भएको अत्यधिक वृद्धि ।

कृषिमा विद्यमान प्रचुर सम्भावनालाई पुँजीकृत गर्दै आर्थिक समृद्धि हासिल गर्ने हो भने युवालाई कृषिमा फर्काउनैपर्छ । तर, राज्यले युवालाई

*बाँकी पेज ३ मा*

# अभिभावकलाई बालबच्चा हुर्काउन सिकाउने यी हुन् ५ फिल्म



सबै आमाबाबुको एक साझा उद्देश्य हुन्छ–आफ्ना छोराछोरीको भविष्य राम्रो बनाउने । आफ्ना सन्तानको पढाइ राम्रो होस्, राम्रो आय–आर्जन गर्न सकुन्, समाजमा उच्च प्रतिष्ठा होस्, यो हरेक आमाबाबुको चाहना हो ।

आफ्ना बालबालिकालाई प्रगतिको बाटोमा डोऱ्याउने भूमिका पनि अभिभावककै हुन्छ । बालबालिकालाई कसरी हुर्काउने, उनीहरूको भावनात्मक, सामाजिक र बौद्धिक विकासलाई कसरी समर्थन गर्ने भन्ने विषयमा सिक्न विभिन्न माध्यमहरू उपयोगी हुन्छन् । यसमा एक माध्यम फिल्म पनि हो ।

बालबालिकालाई कसरी मार्गदर्शन गर्ने भनेर अभिभावकले केही फिल्मबाट सिक्न सक्छन् । यी फिल्मले मनोरञ्जनसँगै गहिरो सन्देश र प्रेरणा पनि दिन्छन्, जुन अभिभावकका लागि निकै उपयोगी हुनसक्छ ।

यी फिल्मले अभिभावकत्वका लागि आवश्यक पर्ने विभिन्न पक्षहरू जस्तै–: प्रेम, अनुशासन, विश्वास र सांस्कृतिक मूल्यहरूलाई उजागर गर्छन् ।

### १. प्यारेन्टहुड (१९८९)

यो रोन हावर्डले निर्देशन गरेको हल्का हास्य र भावनात्मक कथानक भएको पारिवारिक ड्रामा हो । फिल्ममा स्टीव मार्टिन, म्यारी स्टिनबर्गन र रिक मोरानिसजस्ता अभिनेताहरू छन् । यो बकमिन्स्टर परिवारको विभिन्न पुस्ताको कथा हो, जसले अभिभावकत्वका चुनौती र आनन्दलाई चित्रण गर्छ । कुनै पनि अभिभावक पूर्ण हुँदैन, तर प्रेम र प्रयासले सम्बन्धलाई बलियो बनाउन सकिन्छ भन्ने कुरा फिल्मले देखाउँछ ।

यो फिल्मले सन्तानको अपेक्षा र वास्तविकता बीचको द्वन्द्व, किशोर ावस्थाको विद्रोही स्वभाव र साना बालबालिकाको हेरचाहको जटिलताबारे प्रस्तुत गरेको छ ।

गिल बकमिन्स्टर (स्टीव मार्टिन) आफ्ना सन्तानको भविष्यप्रति चिन्तित छन् । उनको छोराको भावनात्मक समस्यालाई बुझ्न खोज्छन् । उनकी बहिनी सुसानले आफ्नी किशोरी छोरीको वि›ोही व्यवहारसँग जुध्नुपर्छ । अर्की बहिनी हेलेन एक्ली आमा भएर छोराछोरीको पालनपोषण गर्छिन् ।

अभिभावकले सन्तानलाई बुझ्न र उनीहरूको भावनालाई स्वीकार गर्न समय दिनुपर्छ भन्ने कुरा यसले सिकाउँछ । प्रत्येक बच्चा फरक हुन्छ, र उनीहरूको अद्वितीय आवश्यकता बुझ्नुपर्छ भन्ने सन्देश पनि यसको छ । यो फिल्मले अभिभावकहरूलाई आफ्ना सन्तानसँग खुला संवाद गर्न र उनीहरूको भावनात्मक आवश्यकतामा ध्यान दिन प्रेरित गर्छ ।

### २.द पर्स्युट अफ ह्याप्पिनेस (२००६)

यो फिल्म वास्तविक जीवनको कथामा आधारित छ । यसमा विल स्मिथले क्रिस गार्डनरको भूमिका निर्वाह गरेका छन् । क्रिस एकल अभिभावक हुन्, जो आर्थिक संकट र घरबिहीन अवस्थामा पनि आफ्नो छोराको हेरचाह गर्छन् । उनले स्टकब्रोकर बन्ने आफ्नो सपना र छोराको भविष्यका लागि कडा मेहनत गर्छन् । यो फिल्म सङ्घर्ष, त्याग र अभिभावकको दृढताको कथा हो ।

आर्थिक कठिनाइ, घरबिहीन हुनुपर्दाको सामाजिक तिरस्कारका बावजुद क्रिसले कहिल्यै हार मान्दैनन् । उनको छोरासँगको सम्बन्धले दर्शकहरूलाई भावुक बनाउँछ । अभिभावकको प्रेम र समर्पणले कठिन परिस्थितिमा पनि सन्तानलाई सुरक्षित महसुर गराउँछ र अघि बढ्ने प्रेरणा मिल्छ भन्ने यो फिल्मले देखाउँछ ।

अभिभावकले सन्तानलाई कठिन समयमा पनि सकारात्मक दृष्टिकोण राख्न प्रेरित गर्नुपर्छ भन्ने सन्देश यो फिल्मको छ । सन्तानको भविष्यका लागि अभिभावकले आफ्नो व्यक्तिगत सुख त्याग्न तयार हुनुपर्ने यथार्थलाई यसमा प्रस्तुत गरिएको छ ।

### ३. फाइन्डिङ निमो (२००३)

यो पिक्सारको एनिमेटेड फिल्म हो । यसले मर्लिन (एउटा माछा) र उसको छोरो निमोको कथा प्रस्तुत गर्छ । यसमा बुबा मर्लिनले आफ्नो छोरालाई हरेक खतराबाट जोगाउन चाहन्छ। यसैबीच निमो हराउँछ । आफ्नो छोरालाई खोज्न मर्लिन समुद्रको यात्रा गर्छ । यो यात्रामा मर्लिनले आफ्नो डरलाई जित्छ । साथै, सन्तानलाई चुनौतीबाट जोगाउन भन्दै अति नियन्त्रण गर्न नहुने रहेछ भन्ने कुरा पनि उसले सिक्छ ।

फिल्मले अभिभावक र सन्तान बीचको सम्बन्ध, स्वतन्त्रताको आवश्यकता र विश्वासको महत्त्वलाई चित्रण गर्छ । निमोले पनि आफ्नो एउटा पखेटा कमजोर हुँदाहुँदै पनि आत्मविश्वास र साहस सिक्छ ।

यसले दिने मुख्य सन्देश भनेको सन्तानलाई सधैं आफ्नो संरक्षणमा राख्ने मात्रै होइन आफ्नो क्षमतामा विश्वास गर्न सिकाउनुपर्छ भन्ने हो ।

### ४. मिसेज डाउटफायर (१९९३)

यो रमाइलो र भावनात्मक फिल्ममा रबिन विलियम्सले ड्यानियल हिलार्डको भूमिका निर्वाह गरेका छन् । हिलार्ड सम्बन्धविच्छेदपछि आफ्ना सन्तानसँग समय बिताउन नर्सको भेषमा 'मिसेज डाउटफायर' बनेर आफ्नै घरमा काम गर्छन् । यो फिल्मले सम्बन्धविच्छेदको प्रभाव, अभिभावकको जिम्मेवारी र सन्तानप्रतिको प्रेमलाई देखाउँछ ।

ड्यानियलले आफ्ना सन्तानलाई माया गर्छन्, तर उनको अव्यवस्थित जीवनशैलीले उनलाई अभिभावकको रूपमा चुनौती दिन्छ । मिसेज डाउटफायरको रूपमा उनले अनुशासन, हेरचाह र जिम्मेवारीको महत्त्व सिक्छन् । यो फिल्मले हाँस्य र भावनाको संयोजनले अभिभावकत्वका जटिल पक्षहरूलाई प्रस्तुत गर्छ ।

सम्बन्धविच्छेदले सन्तानमा पर्ने भावनात्मक प्रभावलाई बुझ्ने र त्यसलाई सम्बोधन गर्नुपर्छ भन्ने कुरा यसको मुल सन्देश हो । यो फिल्मले अभिभावकहरूलाई सन्तानसँगको सम्बन्धलाई प्राथमिकता दिन र परिवर्तनशील परिस्थितिमा पनि जिम्मेवारी निर्वाह गर्न प्रेरित गर्छ।

### ५.पथेर पञ्चाली (१९५५)

सत्यजित रायको यो भारतीय फिल्म बंगाली परिवारको कथा हो । यसमा आमाबुबाले गरिबी र सामाजिक चुनौतीहरूका बीच आफ्ना सन्तान दुर्गा र अपुको पालनपोषण गर्छ । यो फिल्मले ग्रामीण भारतको जीवन, परिवारको प्रेम र सन्तानको सपनालाई चित्रण गर्छ ।

हरिहर र सरोजिनीले आफ्ना सन्तानलाई सीमित स्रोतमा पनि माया र हेरचाह दिन्छन् । दुर्गा र अपुको बाल्यकालको निर्दोषपन र उनीहरूको सानो संसारमा रमाउने कथा मार्मिक छ । फिल्मले गरिबीले अभिभावकत्वमा ल्याउने चुनौती र सन्तानको सिकाइमा परिवारको भूमिकालाई उजागर गर्छ ।

आर्थिक कठिनाइले अभिभावकको मायालाई कमजोर बनाउनु हुँदैन र सन्तानको जिज्ञासा र रचनात्मकतालाई प्रोत्साहन गर्नुपर्छ भन्ने सन्देश यसमा छ ।

## युवालाई कृषिमा . . . . .

कृषिमा फर्काउने होइन, तर्काउने काम मात्रै गरिरहेको छ । त्यसैले गाउँघर युवाविहीन बन्दैछन् र खेतबारी बाँझो पर्दै छन् । उपभोगका लागि कृषिजन्य वस्तुको आयात भने बर्सेनि बढेको बढ्यै छ । कृषिप्रतिको विकर्षण र कृषिजन्य वस्तुको बढ्दो आयातले कृषिप्रधान मुलुकलाई उपहास गरिरहेको छ ।

नेपालमा किसानले उत्पादन गरी बिक्री गरेका दूध र उखुजस्ता वस्तुको समयमा भुक्तानी नपाउने रोग नयाँ होइन, पुरानै हो । किसानको उत्पादन खरिद गर्ने बिचौलिया र उद्योगी–व्यवसायीको सधैँ उन्नति–प्रगति हुने, तर किसानको आर्थिक जीवनमा चाहिँ कहिल्यै सकारात्मक परिवर्तन आउन नसक्नुको कारण के हो ? कृषिलाई अर्थतन्त्रको मेरूदण्ड मान्ने हो भने त्यो मेरूदण्डको सबलताका लागि सर्वप्रथम किसानको आर्थिक सबलता पनि अपरिहार्य छ । यो तथ्यलाई मनन गर्दै राज्य कृषि र किसानप्रति गम्भीर र जिम्मेवार हुनु आवश्यक छ । देशको अर्थतन्त्रको मेरूदण्ड कृषि हो भने कृषिको मेरूदण्डचाहिँ युवा जनसंख्या हो ।

त्यसैले कृषिको समुन्नतिका लागि विदेश गएका युवालाई स्वदेश फर्काउनुपर्छ र कृषि छोडेका युवालाई पुनः कृषिमा फर्काउनुपर्छ । देशमै रहेका र विदेशबाट फर्केका धेरै युवामा व्यावसायिक रूपमा सामूहिक तरकारी खेती, गाईपालन, बाख्रापालन, भैँसीपालन, कुखुरापालन, मौरीपालन आदिमा अभिरूचि बढेको छ । व्यावसायिक रूपमा त्यस्तो काम गरिरहेका पनि छन् । अझै उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ र कृषि छोडेर हिँडेका युवालाई कृषिमै फर्काउनुपर्छ । अहिले देशका युवा कृषिको नाउँ सुनेरै तर्सिने अवस्थामा छन् । यो स्थिति किन र कसरी उत्पन्न भयो ? राज्यले गम्भीर तापूर्वक चिन्तन र मनन गर्नु जरूरी छ । अनि कृषिको नामै सुनेर तर्सिने र कृषिबाट तर्किने अवस्थाको अन्त्य पनि जरूरी छ ।

देशको अर्थतन्त्र सबल हुन अर्थतन्त्रको मेरूदण्ड मानिएको कृषि सबल हुनुपर्छ । कृषि सबल हुन कृषिको मेरूदण्ड मानिएको युवा जनसंख्या कृषिमा आबद्ध हुनुपर्छ । कृषिबाट तर्किएका युवालाई कृषिमै फर्काउने वातावरण निर्माणका लागि राज्यले गम्भीर पहल गर्नु आवश्यक छ । यो वा त्यो बहानामा युवालाई कृषिबाट तर्काउने काममात्रै भइरह्यो भने कृषि त संकटमा पर्छ नै, सँगसँगै देशको अर्थतन्त्र पनि दुर्घटनामा पर्ने सम्भावना बढ्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# ब्याडमिन्टन कभर्ड हलको उद्घाटन

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका–१५ को लगानीमा हेटौंडा–१५ को भोर्लेमा निर्माण सम्पन्न भएको ब्याडमिन्टन कभर्ड हलको उद्घाटन गरिएको छ । स्थानीय तहमै खेल प्रवर्द्धन र शारीरिक स्वास्थ्यलाई सशक्त बनाउने उद्देश्यले निर्माण गरिएको पूर्वाधारको उद्घाटन वडाध्यक्ष सुनिल मोक्तानको प्रमुखआतिथ्यमा भएको हो ।

उद्घाटन समारोहमा अध्यक्ष मोक्तानले खेलकुदलाई वडा कार्यालयले उच्चप्राथमिकतामा राखेको उल्लेख गर्दै, आगामी दिनमा हेटौंडा–१५ का अन्य स्थानमा पनि यस्ता खेलमैत्री पूर्वाधार विस्तार गरिने जानकारी दिए । 'स्वास्थ्य र अनुशासनको जग खेलकुद नै हो,' उनले भने, 'स्थानीय युवालाई खेलतर्फ आकर्षित गर्न यस्ता संर चनाले उत्प्रेरणा दिनेछ ।' कार्यक्रममा स्थानीय खेलाडी, युवाहरू र समुदायका प्रतिनिधिको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीले नयाँ कभर्डहलले स्थानीय स्तरमा ब्याडमिन्टन खेलको विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।

उद्घाटनसँगै कभर्ड हल सर्वसाधारणका लागि सञ्चालनमा ल्याइएको छ । अब त्यहाँ नियमित अभ्यास र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने वडाले जानकारी दिएको छ ।

# थाहानगरमा नचिनेको सावारी साधनको ठक्करबाट एक पुरूषको मृत्यू

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १ कुन्छालस्थित कुन्छाल–कुलेखानी सडकखण्डमा नचिनेको सवारी साधनको ठक्करबाट एक पैदल यात्रीको ज्यान गएको छ ।

थाहा नगरपालिका वडा नम्बर ६ निवासी ७१ वर्षीय सीताराम महर्जनलाई बज्रबाराहीबाट पालुङतर्फ आउँदै गरेको सवारी साधनले ठक्कर दिएको ईलाका प्रहरी कार्यालय पालुङले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका महर्जनलाई प्रारम्भिक उपचारका लागि नजिकैको बज्रबाराही स्वास्थ्य चौकी लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा १२ असार साँझ ५ बजे सशस्त्र प्रहरी बल अस्पताल, सतुंगलमा पुर्‍याउने बित्तिकै




उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने सवारीसाधनको नम्बर र प्रकार खुलेको छैन । हाल फरार सवारी चालक तथा सवारीसाधनको पहिचान र खोजी कार्य तीव्र रूपमा भइरहेको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको पालुङ प्रहरीले बताएको छ ।

बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)।

तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# पश्चिम मकवानपुरका तीनवटा स्थानीय तहको बजेट सार्वजनिक

◆ विकास संवाददाता

पश्चिम मकवानपुरका तीनवटा स्थानीय सरकारले नीति तथा कार्यक्रमसहित आगामी आर्थिक बर्षका लागि बजेट सार्वजनिक गरेका छन् ।

उत्तर पश्चिमतर्फ रहेको कैलाश गाउँपालिकाको १६औं गाउँसभाले ५३ करोड ८६ लाख २० हजार रूपैयाँको बजेट पारित गरेको छ । पारित बजेटमा युवाको स्वरोजगारी सिर्जनाका कृषि उद्यमलाई जोड दिइएको छ ।

त्यसैगरी हरेक घरघरै धारा पुर्‍याउने कार्यक्रमका लागि 'एक घर एक धाराः एक घर, एक शौचालय' कार्यक्रम सञ्चालन हुने कैलाशको नीति तथा कार्यक्रममा उल्लेख छ ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले कैलाश गाउँपालिकामा हाटबजार सञ्चालन, कृषक परिचयपत्र, पशु बीमा कार्यक्रम र चेली प्रोत्साहन कार्यक्रमको निरन्तरतालाई जोड दिनु भएको छ । यी सबै कार्यक्रम तथा योजनाहरू सञ्चालनका लागि ५३ करोड ८६ लाख २० हजार आम्दानी प्रक्षेपणसहितको बजेट गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले सार्बजनिक गर्नु भएको थियो ।

यता राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक बर्ष ०८२/८३ का लागि ६३




करोड ५२ लाख ३१ हजार २८९ रूपैयाँको बजेट पारित गरेको छ । चालू आर्थिक बर्षको तुलनामा यो अंक ८ करोड ९० लाख ५८ हजार रूपियाँ बढी हो । गाउँसभा बैठकमा उपाध्यक्ष बनस्तम थिङले सार्बजनिक गर्नु भएको बजेटमा स्थानीय कोदोको रक्सी उत्पादन र यसको व्यवसायिक प्रवर्द्धनका लागि अनुसन्धान र जाँच गर्न बजेट बिनियोजित छ ।

त्यसैगरी गाउँपालिकाले करबृद्धिका अन्य उपायहरू खोज्दै कर छली भइरहेका क्षेत्रहरूको पहिचान गरी करको दायरा बढाउने तर मालपोतमा भने १० प्रतिशत घटाउने निर्णय गरेका गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । यता मनहरी गाउँपालिकाले चालू आर्थिक बर्षभन्दा १० करोड रूपियाँ कम बजेट सार्बजनिक गरेको छ । निरन्तर रूपमा आन्तरिक स्रोत घट्दै गइरहेको सन्दर्भमा बजेटको आकार घटेको हो ।

आगामी आर्थिक बर्ष २०८२/८३ का लागि मनहरी गाउँपालिकाले ८७ करोड ७२ लाख ३९ हजार रूपैयाँको बजेट पारित गरेको हो । बजेटको आकार घटेसँगै यसअघि मनहरी गाउँपालिकाले हरेक वडामा सिलिङ बजेटको रूपमा ७० लाख बराबरको योजना बाँडफाँट गरेकामा आगामी बर्षका लागि उक्त रकम घटेर प्रति वडा ५० लाख रूपियाँमा आइपुगेको बताइएको छ ।

# बालमैत्री वडा घोषणाका लागि अभिमुखीकरण

◆ विकास संवाददाता

थाहा नगरपालिकामा बालमैत्री वडा घोषणा अभियानलाई अघि बढाउँदै १० असारमा वडास्तरीय समिति तथा सरोकारवालाहरूको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । नगरको वडा नम्बर १ र ३ लाई बालमैत्री वडा घोषणा गर्ने अभियान अन्तर्गत कार्यक्रम आयोजना गरिएको हो ।

थाहा नगरपालिकाको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख विष्णु बहादुर बिष्ट, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, शिक्षा शाखा अधिकृत सुर्य लामा, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबू अर्याललगायत वडा न १ र ३ का विभिन्न सरोकारवालाहरूको उपस्थिति थियो ।

कार्यक्रममा वडा स्तरीय बाल क्लब, स्थानीय स्वास्थ्य संस्थाका प्रमुख, महिला स्वास्थ्य स्वयंसेविका तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमका



फोकल पर्सन तथा प्रशिक्षक कुमार नेगीले बालमैत्री स्थानीय शासनका सूचकहरू, तिनीहरूको कार्यान्वयन चरण, तथा बालमैत्री वडा घोषणाका प्रक्रिया विषयमा सहजीकरण गरेका थिए । कार्यक्रममा पूर्वतयारी, समुदायस्तरीय समिति गठन तथा सूचकहरूको स्थानीयकरण गर्ने निर्णय समेत गरिएको थियो ।

कार्यक्रममा थाहा नगरपालिकाका नगरप्रमुख विष्णु बहादुर बिष्टले कार्यक्रमलाई सम्बोधन गर्दै बालमैत्री स्थानीय शासन घोषणा नगरपालिकाको प्राथमिक एजेन्डामध्ये एक भएको बताए । उनले भने, "बालबालिकाको अधिकार सुनिश्चित गर्नु हाम्रो दायित्व हो । त्यसैले थाहा नगरपालिकाले बालमैत्री स्थानीय शासनको मापदण्ड पुरा गर्नका लागि आवश्यक संरचना, नीति तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।" प्रमुख बिष्टका अनुसार पालिकाले वडा तहमा बालमैत्री समिति गठन, बाल क्लबहरूको सक्रियता, स्वास्थ्य तथा शिक्षामा पहुँच विस्तार, बालश्रम न्यूनीकरण, बाल हिंसा विरूद्ध जनचेतना कार्यक्रम, र बालबालिकाका लागि सुरक्षित तथा अनुकूल वातावरण निर्माणमा विशेष ध्यान दिइरहेको छ ।

उनले बालमैत्री घोषणा केवल कागजी प्रक्रिया होइन, यो व्यवहारमा लागु भएर मात्र सार्थक हुन्छ। त्यसैले सबै वडामा सहभागी, उत्तरदायी र दिगो पहलमार्फत यस अभियानलाई सफल बनाउने छौँ ।"

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहामा चट्याङबाट हुने विपद् न्यूनीकरण सम्बन्धी कार्यशाला



◆ विकास संवाददाता

चट्याङबाट हुने विपद् न्यूनीकरणका लागि पूर्वानुमान र पूर्वसूचना प्रणालीसम्बन्धी एकदिने कार्यशाला गोष्ठी थाहा नगरमा सम्पन्न भएको छ ।

राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजनामा प्राधिकरणका इन्जिनियर सहसचिव अर्जुन कुमार बमको अध्यक्षतामा थाहा नगर पालिकाको सभा हलमा आयोजित कार्यक्रममा थाहा नगर प्रमुख विष्णु बहादुर बिष्ट प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, वडा अध्यक्षहरू, नगरका प्राविधिक, रेडक्रस, सशस्त्र प्रहरी अस्थायी पोष्ट, इलाका प्रहरी कार्यालय पालुङ, नगर प्रहरीका प्रतिनिधि, संचारकर्मी तथा विपद् व्यवस्थापन समितिका सदस्यहरूको उपस्थिति थियो ।

कार्यक्रममा नगर प्रमुख विष्टले विपद् व्यवस्थापनलाई स्थानीय तहको प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउँदै भने, "विपद् पूर्वतयारी, जोखिम मूल्याङ्कन र सूचना प्रणालीको सुदृढीकरण बिना सुरक्षित समाजको परिकल्पना सम्भव छैन । चट्याङ, पहिरो, बाढी,आगलागी जस्ता विपद् थाहामा पनि बढ्दो क्रममा छन्, त्यसैले स्थानीय स्तरमै सूचना प्रवाह, जनचेतना र पूर्वतयारी कार्यक्रमलाई तीव्रता दिनु आवश्यक छ ।"

कार्यक्रममा सहसचिव बमले चट्याङसम्बन्धी वैज्ञानिक पक्ष र पूर्वसूचना प्रणालीको महत्वबारे जानकारी गराए। सशस्त्र प्रहरी सहायक प्रहरी नायब उपरीक्षक लक्ष्मण बहादुर बस्नेत, उपसचिव तथा हाइड्रोलोजिष्ट राजेन्द्र शर्मा, र डा. मोहन चन्दले चट्याङसम्बन्धी जोखिम, पूर्वानुमान विधि र प्रतिकार्य क्षमताका बारेमा सहजीकरण गरे ।

कार्यक्रममा नेपालको समग्र विपद् परिदृश्य, यस वर्षको मनसुनको पूर्वानुमान, संघ, प्रदेश र स्थानीय तहमा समन्वय, जोखिममा आधारित लगानीको प्रवर्द्धन, तथा "अझ राम्रो र बलियो निर्माण" को नारासहित पुनर्निर्माण र पुनर्स्थापनाको महत्वमाथि चर्चा गरिएको थियो ।

प्रस्तुत विवरण अनुसार, मकवानपुर जिल्लामा पछिल्ला १५ वर्षमा चट्याङ लागेर १९७ जनाको मृत्यु भइसकेको तथ्याङ्कले यस क्षेत्रलाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा संकेत गरेको छ । कार्यशालाबाट चट्याङ सम्बन्धी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउँदै स्थानीय तहमा विपद् पूर्वतयारीको सुदृढीकरण गर्नुपर्ने सन्देश दिइएको सहभागीहरूको जोड रहेको थियो ।

# हली नेवा गुठी मकवानपुर सम्वद्ध थाहानगरमा युवा संगठन गठन

◆ विकास संवाददाता



हली नेवा गुठी मकवानपुरको आयोजनामा थाहानगर स्तरीय ९ सदस्यीय ल्याम्हःव (युवा संगठन) गठन गरिएको छ ।

थाहा नगरपालिका वडा नं. ४ स्थित थानाबजारको मोर्डन पिज्जा हाउसमा सम्पन्न कार्यक्रममा नयाँ नेतृत्व चयन गरिएको हो । संगठनको अध्यक्षमा बिमल गोपाली, उपाध्यक्षमा प्रज्वल प्रधान, सचिवमा रेशममाया गोपाली, कोषाध्यक्षमा अन्जय प्रधान चयन भएका छन् ।

त्यस्तै, सदस्यहरूमा श्यामाभक्त नापित, बिष्णुमाया प्रधान, रामशरण गोपाली, उकेश श्रेष्ठ र बेलबहादुर तामाङ रहेका छन् ।

कार्यक्रम हली नेवा गुठी मकवानपुरका संयोजक विजय मल्लको उपस्थितिमा सम्पन्न भएको हो । नवगठित समिति तथा पदाधिकारीलाई शुभकामना व्यक्त गरिएको छ ।

## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# ईलाका प्रहरी कार्यालय पालुङद्वारा १४६ किलो गाँजा नष्ट

◆ विकास संवाददाता

ईलाका प्रहरी कार्यालय पालुङले बिभिन्न समयमा बरामद गरिएको करिब १४६ किलो गाँजा नष्ट गरेको छ। बरामद गरिएको गाँजा सोमबार पालुङस्थित खोला किनारामा जलाएर नष्ट गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले जानकारी दिएअनुसार उक्त गाँजा बिभिन्न स्थान र समयमा बरामद गरिएको हो। नष्ट गर्ने कार्य विभिन्न व्यक्ति, सञ्चारकर्मी तथा ३ न वडा अध्यक्षको रोहवरमा सम्पन्न गरिएको थियो ।

इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको टोलीले १६ जेठ राति १:३० बजे डाँडाबासबाट काठमाडौँतर्फ जाँदै गरेको बा.५.च. ४४११ नम्बरको टाटा सुमो गाडीलाई थानाबजार नजिकै रोकी जाँच गर्दा गाडी भित्र लुकाई छिपाई ल्याइएको अवस्थामा १४६ किलो लागू औषध (गांजा) फेला पारेको थियो । प्रहरीले गाडीका चालक गोरखा पालुङटार



नगरपालिका-१० मिरकोट स्थायी घर भई काठमाडौं कालिमाटी बसोबास गर्ने २८ वर्षीय मधुसूदन अधिकारी र सवारीमा सवार सिन्धुली दुधौली नगरपालिका-८ खोरभञ्ज्याङ स्थायी घर भई काठमाडौं डल्लु बसोबास गर्ने २५ वर्षीय नवराज खड्कालाई पक्राउ गरेको थियो ।

## क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई नि:शुल्क खकार जचाँऔं ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा नि:शुल्क पाइन्छ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

# मनहरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा


◆ विकास संवाददाता

मनहरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिकाको रूपमा घोषित गरिएको छ । मनहरी गाउँपालिका वडा नं ३ लामिटारस्थित सभा हलमा आयोजित कार्यक्रममा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित पालिकाको रूपमा घोषणा गरिएको हो ।

मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा घोषणा कार्यक्रम भएको हो । कार्यक्रममा जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण बहादुर मिजार, गाउँपालिका उपाध्यक्ष सीता पुलामी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीसहित वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरूको उपस्थिति रहेको थियो ।

मनहरी गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाका प्रमुख एबम् महिला स्वास्थ्य स्वयम् सेविकाहरू तथा कर्मचारीहरूको उपस्थितिमा जिल्ला समन्वय समिति मकवानपुरबाट पूर्ण खोप सुनिश्चितता भएको प्रमाण पत्र गाउँपालिकालाई हस्तान्तरण भएको थियो । साथै गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित भएको घोषणा गर्नका लागि योगदान पु¥याउने वडास्तरीय खोप समन्वय समिति, स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई समेत प्रमुख अतिथि घलानको हातबाट प्रमाण पत्र वितरण गरिएको थियो ।

पूर्ण खोप सुनिश्चितता घोषणा भएसँगै हरेक वडाका बालबालिकाहरू खोप सेवाको दायरामा आएको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र दाहालले बताए ।




# मकवानपुरका किसानहरुले यान्त्रीकरणको प्रयोग बढाए

◆ विकास संवाददाता



पछिल्ला वर्षहरूमा मकवानपुर जिल्लामा कृषिमा यान्त्रीकरणको प्रयोग उल्लेखनीय रूपमा बढेको छ । आधुनिक कृषि उपकरणहरूको प्रयोगले कृषकहरूलाई समय, श्रम र लागतको बचत हुनुका साथै उत्पादनमा वृद्धि हुन थालेको छ। जिल्लाको विभिन्न पालिकाहरू हेटौंडा उपमहानगरपालिका, बकैया, राक्सिराङ, मनहरी, थाहा नगर र मकवानपुरगढी गाउँपालिकामा चालु आर्थिक वर्षमा सयौं किसानले ट्रेक्टर, थ्रेसर, मिनी टिलर, मल छर्ने मेसिन, पानी तान्ने मोटर लगायतका उपकरण प्रयोग गर्न थालेका छन् । स्थानीय सरकार र प्रदेश सरकारका कृषि कार्यालयहरूको सहयोगका कारण पनि किसानहरू यान्त्रीकीकरणमा जोड दिन थालेका हुन् ।

मकवानपुर जिल्लामा कृषिमा यान्त्रीकरण प्रवर्धन गर्न बागमती प्रदेश सरकार र कृषि मन्त्रालयबाट समेत अनुदानमा कृषि उपकरण वितरण भइरहेको छ ।

मकवानपुरगढीका कृषक नर बहादुर मोक्तानले यस वर्ष पहिलो पटक मिनी टिलर प्रयोग गरेर धान रोपेका छन् । "अघिसम्म गोरू नै एक्लो साधन थियो, अहिले टिलरले खेत जोत्न सजिलो भएको छ । एक दिनमा ३ रोपनीसम्म काम सकिन्छ," उनले भने ।

थाहा नगरपालिकामा कृषक समूहमा आधारित यान्त्रिक सेवा केन्द्र समेत स्थापना गरिएको छ, जहाँ दर्जनौ भन्दा बढी आधुनिक कृषि उपकरणहरू किसानका खेतबारीमा अहिले उपलब्ध छन् । थाहा नगरपालिकाले हरेक वर्ष किसानका लागि यान्त्रीक समान खरिदमा रकम छुट्याउने गरेको जनाएको छ । कृषकहरूलाई यान्त्रिक उपकरण प्रयोगका लागि तालिम पनि दिँदै आएको छ ।

प्रदेश सरकारले सञ्चालनमा ल्याएको "कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम" मार्फत महिला तथा साना किसान समूहलाई विशेष प्राथमिकता दिइएको छ । हेटौंडाकी महिला कृषक सरस्वती लामाले भनिन्, "पहिला खेत जोत्न गार्हो, ढिलो र महँगो थियो, अहिले टिलरले सस्तो, छिटो र सजिलो भएको छ ।"

जिल्लामा यान्त्रीकरणसँगै व्यावसायिक तरकारी खेती, धान र मकै उत्पादनमा पनि उल्लेखनीय वृद्धिको आँकडा देखिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । यान्त्रिक प्रणालीले खेत जोत्नेदेखि मल राख्ने, सिँचाइ गर्ने, बिउ छर्ने र भित्र्याउने सबै चरणमा सजिलो बनाएको छ। यद्यपि, अझै गाउँ–गाउँमा पहुँच नपुगेको, उपकरणको मर्मत समस्या, तालिम अभाव र ऋणको सहज पहुँच नहुँदा यान्त्रीकरणमा पूर्ण रूपान्तरण चुनौतीपूर्ण रहेको किसानहरूको भनाइ छ । सरकारले आगामी वर्षहरूमा कृषिमा यान्त्रीकरण प्रवर्द्धन गर्न अझ बढी लगानी गर्ने योजना बनाएको छ ।

**डिजिटल कारोवारबारे सचेत बनौं !**

डिजिटल बैंकिङको सुरक्षाका लागि:

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi–Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।

"डिजिटल कारोवार सुरक्षित बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी